# मिक्लाजुङ गाउँपालिकाको संक्षिप्त परिचय

## उत्पत्ति र नामाकरण

**"मिक्लाजुङ"**को नामाकरण लिम्बू भाषावाट भएको पाइन्छ । लिम्वु भाषमा "मिक्ला" को अर्थ "मालिङ्गो" हुन्छ । मालिङ्गो भनेको एक प्रकारको लेकाली वास हो । यो घना वाक्लो र अग्लो हुन्छ ।**"जुङ"**(जङ वाट अपभ्रंश भएको भन्ने गरिन्छ) को अर्थ**"टुप्पो"**हुन्छ । यसरी "मिक्लाजुङ" को अर्थ मालिङ्गो टुप्पो अर्थात वासको टुप्पो भन्ने अर्थ लाग्छ जसलाई टाढा टाढावाट पनि सजिलै देख्न सकिन्छ ।
मिक्लाजुङ शव्द प्राकृतिक सम्पदासंग जोडिएको छ । मिक्लाजुङ एक डाँडाको नाम हो । यो हालको गाउँपालिका कार्यालय रवि वजारवाट दक्षिणतर्फ करीव २७०० मिटर उचाइमा छ । पाँचथर, इलाम र मोरङ जिल्लाको साझा शिखरको रुपमा चिनिने यसको मुख्य आकर्षण भनेको खुल्ला मौसम र रमणीय सूर्योदय देखिनु हो । सफा मौसममा पूर्वी नेपालका १० जिल्लाहरु र भारतको विहार र वङ्गाल सम्म यसै क्षेत्रवाट प्रष्टै देख्न सकिन्छ (जिल्ला वस्तुगत विवरण, २०७५) । मुलतः यो क्षेत्र जैविक विविधताका लागि एक राजधानी पनि होे । नेपालका वहुमूल्य जडीवुटी, वन सम्पदा, वन्यजन्तु लगायत पानीका डोवहरु यहाँ पर्याप्त मात्रामा उपलव्ध छन्र यो मोरङको रमिते हुँदै चारकोशे झाडीसंग जोडिएको छ । यो ऐतिहासिक पक्षसंग पनि जोडिएको छ । त्यसवेला पाँच पाण्डव महाभरत पहाड यात्रा गर्ने क्रममा यसै स्थानको ठूलो ढुङ्गा माथि चुलो बनाएर खाना पकाई खाएको जनुश्रुती छर राष्ट्रका १६ औं राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द गुफा बस्नु भएको स्थल समेत यहाँ सुरक्षित छ । यसरी मिक्लाजुङ डाँडा आफैमा विविध पक्षहरुवाट महत्वपूर्ण रहेकोले यसैको नामवाट गाउँपालिकाको नामाकरण गरिएको हो ।

नेपाल एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको छ । संघीय व्यवस्था अनुसार नेपालमा संघ, सात प्रदेश र**७५३**स्थानीय तहको गठन भएको छ, जसमा पाँचथर जिल्लामा ८ स्थानीय तहको गठन भएको छ । मिक्लाजुङ गाउँपालिका कोशी प्रदेशको पाँचथर जिल्लामा अवस्थित छ । कुल**१६६.६१**वर्ग कि.मी. को विशाल क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको जनसंख्या कुल जम्मा**२१,०६१**रहेको छ जसमा पुरुषहरुकाे संख्या**१०,४५४**रहेकाे छ भने महिलाहरुकाे संख्या**१०,६०७**रहेकाे छ सो मध्ये पुरुषको जनसंख्या**४९.६**प्रतिशत रहेको छ भने महिलाको संख्या**५०.४**रहेको छ घरधुरी संख्या**जम्मा ५,४५९**रहेकाे छ । वि.सं.**२०७३/११/२७**गते राजपत्रमा सुचना प्रकाशित भएसँगै र पछिल्ला सचिवस्तरीय निर्णय सँगै देशका विभिन्न ७५३ वटा स्थानीय तह भए सँगै यो गाउँपालिका पनि अस्तित्वमा आएको छ । स्थानीयवासीहरुलाई सर्वसुलभ ढंगले सेवा उपलब्ध गराउन यो गाउँपालिकालाई जम्मा ८ वटा वडामा विभाजन गरिएको छ । साविकका साराङडाँडा, रवि, आरुवोटे, कुरुम्बा, लिम्बा र दुर्दिम्बा गा.वि.स.लाई समावेश गरि यो गाउँपालिका निर्माण गरिएको हो । यस गाउँपालिकाको पूर्वमा ईलामको फाकफोकथुम गाउँपालिका र पश्चिममा तुम्बेवा गाउँपालिका, उत्तरमा फाल्गुनन्द गाउँपालिका र दक्षिणमा चौबिसे गाउँपालिका र माङ्सेबुङ गाउँपालिका रहेका छन् ।
यो गाउँपालिका पाँचथर जिल्लाको दक्षीण पश्चीम क्षेत्रको दुर्गम स्थानमा रहेको गाउँपालिका हो । यस गाउँपालिकामा १५ प्रतिशत राई १२ प्रतिशत तामाङ २ प्रतिशत सुनुवार**१०**प्रतिशत क्षेत्री बाहुन र ५५ प्रतिशत लिम्बु**२**प्रतिशत दलित ३ प्रतिशत मगर १ प्रतिशत नेवार जातीको बसोबास रहेको छ । यो गाउँपालिका सदरमुकाम फिदिम देखी लगभग ४९ कि.मि. टाडा रहेको छ । यसमा प्राकृतिक सम्पदा मिक्लाजुङ डाँडा,जरीबुटृे डाँडा, छालासुकुवा डाँडा, यावराङ झरना, इन्द्रेणी झरना, झाक्री झरना, सेरेखेम्बा झरना, गोजुला भोजोला ताल, कमल पोखरी, हिलेडाँडा, बेहुली ढुङ्गा, फाल्गुन्द पार्क, हिले पोखरी, पेटारे पोखरी, नागी डाँडा, शिवालय मन्दिर, गुम्बाडाँडा, सेन्चेलेङमा चिया बगान, थोक्मेचम्बा माङहिम, तारे ढुङ्गा, सप्तकन्या ताल, लगायत अन्य थुप्रै प्राकृतिक सम्पदा हरुले सजिएर रहेको

गाउँपालिका हो । यस गाउँपालिकालाई ८ वडामा बिभाजन गरिएको छ । यसमा आदिबासी जनजातीको बाहुल्य रहेको छ ।

## भौगोलिक अवस्थिति :

मिक्लाजुङ गाउँपालिका समुद्री सतह देखि करीव ६०९ मिटर देखि २४०० मिटर उचाइमा अवस्थित छ । विश्व मानचित्रमा (जियोग्राफिक कोअर्डिनेट सिष्टम अनुसार) यो पालिका २६°५५'४४'' उत्तरी अक्षांश र ८७°३७'४१" पूर्वी देशान्तरमा पर्दछ । कूल १६६.६१ वर्ग किमि क्षेत्रफलमा फैलिएको यो पालिकामा कृषिले करीव ६६.७५ वर्ग किलोमिटर र वन, जङ्गल क्षेत्रले करीव ८३.१८ वर्ग किलोमिटर भूमि ओगटेको छ । अन्य क्षेत्रले करीव १६.६७ वर्ग किलोमिटर भूमि ओगटेको छ ।

## राजनीतिक तथा प्रशासनिक विभाजन:

साविकको साराङडाँडा, रवि, आरुवोटे, लिम्वा र दुर्दिम्वा गरी पाँच गाउँ बिकास समितिलाई मिलाएर मिक्लाजुङ गाउँपालिका मिति २०७३ फागुन २७ गते स्थापना भएको हो । ८ वडामा विभाजित यस गाउँपालिका पाँचथर जिल्ला सदरमुकामवाट दक्षिणतर्फ अवस्थित छ । जिल्ला सदरमुकाम देखि करीव ५५ किलोमिटर दुरीमा रहेको यो गाउँपालिकाको पूर्वतर्फ इलाम जिल्लाको फाकफोकथुम र माङसेवुङ गाउपालिका पर्दछ भने पश्चिमतर्फ धनकुटा जिल्लाको चौविसे गाउँपालिका रहेको छ । त्यसैगरी उत्तरतर्फ पाँचथर जिल्लाको तुम्वेवा, कुम्मायक र फाल्गुनन्द गाउँपालिकाहरु पर्दछ भने दक्षिणतर्फ मोरङ जिल्लाको मिक्लाजुङ गाउँपालिका र इलामको चुलाचुली नगरपालिका पर्दछ । संसदीय निर्वाचन क्षेत्रका हिसावले यो गाउँपालिका निर्वाचन क्षेत्र नम्वर १ पर्दछ भने प्रदेश सभा अन्तर्गत निर्वाचन क्षेत्र नम्वर २ मा पर्दछ । जिल्लाको कुल भूभागको करीव १३.३० प्रतिशत भूमि अर्थात करीव १६६.६१ वर्ग किमि क्षेत्रमा फैलिएको यो गाउँपालिका जिल्लाको ठूला स्थानीय तहहरु मध्येमा पर्दछ ।

### भौगोलिक स्थिति

सिमाना

पुर्व : इलाम जिल्लाको फाकफोकथुम गाउँपालिका र माङसेबुङ गाउँपालिका

पश्चिम : धनकुटा जिल्लाको चौबिसे गाउँपालिका र पाँचथरको तुम्वेवा गाउँपालिका

उत्तर : पाँचथर जिल्लाको कुम्मायक ,फाल्गुनन्द र तुम्वेवा गाउँपालिका

दक्षिण : इलाम जिल्लाको माङसेबुङ र चुलाचुली गाउँपालिका र मो रङ जिल्लाको मिक्लाजुङ गाउँपालिका

क्षेत्रफल: १६६.६१ वर्ग कि.मी

अक्षांस: 26°55'21.74"N देशान्तर : 87°41'8.91"E

## राजनैतिक बिभाजन

प्रदेश : कोशी
जिल्ला :पाँचथर
नगरपालिका : १
गाउँपालिका : ७
मिक्लाजुङ गाउँपालिकाको केन्द्र : रवि, पाँचथर
जम्मा वडा संख्या : ८ वटा

### ऐतिहासिक सन्दर्भ र पृष्ठभूमि :

पूर्वी नेपालको पाँचथर जिल्लाको सुदरदक्षिण गाउँपालिका हो । पाँचथरको सदरमुकाम फिदिमबाट ५९ किलोमिटर दुरीमा गाउँपालिका केन्द्र प्रर्दछ । राज्य पुनंसंरचना हुने क्रममा तत्कालीन सराङडाँडा, आरुबोटे, रवि, कुरुम्बा, लिम्बा र दुरदिम्बा गा.बि.स. थियो । ८ वडामा बिभाजन गरेर बनाइएको छ । साबिक साराङडाँडा गा.बि.स.को १–४ लाई १ नम्बर र ५–९लाई २ नम्बर वडा बनाएको छ । साबिकै आरुबोटे सा.बि.स.लाई गाउँपालिकाको वडा नम्बर ३ बनाइएको छ । साबिक कुरुम्बाकोे १–८ वडालाई गाउँपालिकाको ५ नम्बर नम्बर वडा बनाइएको छ । कुरुम्बाको ९ नम्बर र लिम्बाको १,३ र ९ वडालाई मिलाएर गाउँपालिकाको ६ नम्बर वडा बनाईएको छ । तत्कालानि लिम्बा गा.बि.स.को ४–८ वडालाई गाउँपालिकाको ७ नम्बर वडा बनाएको छ । त्यसैगरि तत्कालिन दुर्दिम्बा गा.बि.स.लाई गाउँपालिकाको ८ नम्बर वडा बनाइएको छ ।

### धार्मिक, सास्कृती तथा पर्यटकिय क्षेत्र:

मिक्लाजुङ गाउँपालिकामा प्रकृती र कृतीम सुन्दरथाले सजिएका स्थानहरुछन् । धार्मीक तथा सांस्कृती लगायतका थुर्पै पर्यटकिय स्थलहरु रहेकाछन् । मिक्लाजुङ डाँडा, लेकगाउँ, गुधला, यावरङ झरना, भुजला पोखरी, कमल पोखरी, बेहुली ढुङ्गा, चमेरे गुफा, सप्तकन्याताल, थोक्पेचोम्मा माङहिम, ढेङ्गेनी जस्ता सास्कृती र प्राकृतकि स्थलछन् । पुरानो रबि बजार, सप्तमी, चिसापानी, ६ नं बुधबारे आरुबाेटे बजार केन्द हुन । सेन्छेलुङ चिया बगान, बुद्ध पार्क, स्वर्गपुरी मन्दिर, बौद्धगुम्बा जस्ता दर्जनौ धार्मीक तथा पर्यटकिय स्थल रहेकाछन् । स्थानीय तहबाट यहाँका कलासंस्कृती संरक्षणका लागि बजेट बिनियोजन गरि निर्माण तथा संरक्षणका काम भैरहेकाछन् । मठमन्दिर तथा गुम्बाहरुको निमार्ण हुदैछन् । अल्पकालिन तथा दिर्घकालिन योजना अन्तरगत कामहर भैरहेको छ । यस्ले आन्तरीक तथा बाह्रय पर्यटकहरुको आगमन हुन थालेको छ ।

### शिक्षा, स्वास्थ्य तथा प्रशासनिक सेवा :

इलाका प्रशासन कार्यालय, इलाका प्रहरी कार्यालय रवि सहित चार स्थानमा प्रहरी चौकी रहेका छन् । ६ नम्बर बुधबारेमा नेपाली सेनाको सुरक्षा एकाइ छ । इलाका र अतिरिक्त हुलाका कार्यालय ८ स्थानमा छन् । अधारभुत अस्पताल १, स्वास्थ्य चौकीहरु ५ सामुदायिक स्वास्थ्य इकाइ ४ गरी जम्मा १० वटा स्वास्थ्य केन्द्र । १ (एक) एफ.एम. रेडियो, रेडियाे रवि १०७.७ मेजाहर्ज, ३ वटा बैकहरुमा नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक, हिमालय बैंक तथा १ फाइनान्स गोर्खाज फाइनान्स रहेका छन् । १ क्याम्पस,

रवि क्याम्पस, ११ माध्यमिक ४५ आधारभुत बिद्यालय, ४५ बालबिकास केन्द्र रहेका छन् । २५ वटा सहकारी र लघुवित्त ३ वटा रहेका छन

**जनसंख्या, जातजाति र धर्म**

### मिक्लाजुङ गाउँपालिकाको जनसंख्या विवरण २०७८ सालको जनगणना अनुसार :

| वडा नं. | वडा कार्यालय रहेको ठेगाना | घरधुरी संख्या | जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | खान्द्रोङ | ५६४ | ११०७ | ११३८ | २२४५ |
| २ | सप्तमी | ६९८ | १३०६ | १३७८ | २०८४ |
| ३ | आरुबोटे | ७१५ | १४३३ | १४६७ | २९०० |
| ४ | रबि | ११३२ | २०४९ | २०४९ | ४०९८ |
| ५ | कुरुम्बा | ७५८ | १५०८ | १५२४ | ३०३२ |
| ६ | कन्याटर | ४३६ | ८१३ | ७८० | १५९३ |
| ७ | लिम्बा | ४९० | ९६० | ९४७ | १९०७ |
| ८ | दुर्दिम्बा | ६६६ | १२७८ | १३२४ | २६०२ |
| | **जम्मा** | **५४५९** | **१०४५४** | **१०६०७** | **२१०६१** |

गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार गाउँपालिकाको कूल जनसंख्या २६५०५ छ । जसमा महिलाको जनसंख्या १२७३८, पुरुषको जनसंख्या १३७६३र तेश्रो लिङ्गीको जनसंख्या ४ छ । यस अनुसार प्रतिशतमा महिलाको ४८.०५, पुरुषको ५१.९५ प्रतिशत छ । तुलनात्मक रुपमा महिलाको भन्दा पुरुषको जनसंख्या करीव ८.० प्रतिशतले वढी देखिन्छ । वि.सं. २०६८ को जनगणना अनुसार महिलाको जनसंख्या पुरुषको दाँजोमा करीव १७.८ प्रतिशले वढी थियो । तथ्याङ्क अनुसार वि.सं. २०६८ महिलाको जनसंख्या १३३१३ अर्थात कूल जनसंख्याको ५४.१ प्रतिशत र पुरुषको जनसंख्या ११३०२ अर्थात ४५.९ प्रतिशत । उपरोक्त तथ्याङ्क अनुसार वि.सं. २०६८ को तुलनामा वि.सं २०७५ सम्म आइपुग्दा महिलातर्फ करीव ४.३ कमि (वार्षिक ०.५४) र पुरुषतर्फ करीव २१.८ (वार्षिक २.७२) प्रतिशतले जनसंख्या वृद्धि भएको देखिन्छ। त्यसैगरी घरधुरी संख्यातर्फ वि.सं २०७५ जम्मा ५२७६ घरधुरी संख्या छ भने वि.सं. २०६८ मा ५५५० । वडागत रुपमा हेर्दा जनसंख्या वडा नम्वर ४ मा अधिक छ । कूल जनसंख्याको करीव १६ प्रतिशत जनसंख्या यसै वडामा वसोवास छ भने यसपश्चात वडा नम्वर ३र ५ मा छ जसमा करीव १५.२ र यसपश्चात वडा नम्वर २

**तालिका/ग्राफचित्र - ३ : जनसंख्या विवरण**

| वडा | जम्मा | महिला | पुरुष | घरधुरी | औषत परिवार |
|---|---|---|---|---|---|
| १ | २९४३ | १४२९ | १५१३ | ५८१ | ५.१ |
| २ | ३२६३ | १५८२ | १६८१ | ६३५ | ५.१ |
| ३ | ४०३८ | १९१९ | २११९ | ७५७ | ५.३ |
| ४ | ४२५१ | २०४४ | २२०५ | ९५१ | ४.५ |
| ५ | ४०१६ | १९५७ | २०५८ | ७८१ | ५.१ |
| ६ | २२७६ | १०७८ | ११९८ | ४४७ | ५.१ |
| ७ | २५७३ | १२२० | १३५३ | ४७७ | ५.४ |
| ८ | ३१४५ | १५०९ | १६३६ | ६४७ | ४.९ |
| जम्मा वि.सं २०७५ | २६५०५ | १२७३८ | १३७६३ | ५२७६ | ५.० |
| जम्मा वि.सं २०६८ | २४६१५ | १३३१३ | ११३०२ | ५५५० | ४.४ |

श्रोत : गाउँपालिका पार्श्वचित्र, २०७५

मा १२.२ प्रतिशत छ। वडा नं. १ र ८ मा क्रमशः करीव ११.१ र ११.९ र सवैभन्दा कम जनसंख्या भएको वडाहरुमा वडा नं. ६ र ७ हुन जसमा कूल संख्याको क्रमशः ८.६ र ९.७ प्रतिशत छ।

गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार उमेर समूह अनुसार जनसंख्याको वनौट हेर्दा १४ वर्ष उमेरका जनसंख्या करीव २४.८ प्रतिशत, १५ देखि २४ वर्ष उमेरका करीव २१.९ प्रतिशत, २५ देखि ४५ वर्ष उमेर समूह करीव ३०.५ प्रतिशत, ४६ देखि ५९ वर्ष उमेर सुमहका करीव १२.४ प्रतिशत र ६० वर्ष देखि माथिका जनसंख्या करीव १०.३ प्रतिशत रहेको छ। गाउँपालिकामा आर्थिक रुपमा सक्रिय (१५-५९ वर्ष उमेरका) संख्या कूल जनसंख्याको ६४.८ प्रतिशत रहेको छ भने आश्रित परिवार (१४ वर्ष उमेर सम्मका र ६० वर्ष देखि माथि उमेरका) संख्या करीव ३५.२ प्रतिशत रहेको छ।

- **जातजाति र धर्म :**

यस गाउँपालिकामा विविध जातजातिहरुको वसोवास रहेको छ। मुलतः लिम्वु राई र तामाङजातको वाहुल्यता रहेको यस गाउपालिकामा क्षेत्री, ब्राम्हण, मगर, कामी, दमाई, नेवार, सुनुवार, गुरुङ, देवान, भुजेल, धिमाल,माझी,सार्की, मधेशीहरुको पनि वसोवास रहेको छ। प्रतिशतका आधारमा लिम्वुको संख्या कूल जनसंख्याको करीव ३८.५ प्रतिशत, राई र तामाङको जनसंख्या क्रमशः २६.० र १०.८ प्रतिशत, क्षेत्री र मगरको जनसंख्या क्रमशः ८.७ र ५.६ प्रतिशत रहेको छ। तुलनात्मक रुपमा देवान, भुजेल, धिमाल, माझी र सार्कीको जनसंख्या ज्यादै न्यून छ।


**तालिका/ग्राफचित्र - ४ : जातजाति विवरण**

| जातजाति | जनसंख्या | प्रतिशत | जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| लिम्बु | १०१२४ | ३८.५ | सुनुवार | ३९७ | १.५ |
| राई | ६८२४ | २६.० | मधेसी | ५७ | ०.२ |
| तामाङ | २८४८ | १०.८ | जोगी | ४२ | ०.२ |
| क्षेत्री | २२९४ | ८.७ | गुरुङ | २७ | ०.१ |
| मगर | १४८१ | ५.६ | देवान | १३ | ०.० |
| कामी | ७७२ | २.९ | भुजेल | ११ | ०.० |
| दमाई | ५२५ | २.० | धिमाल | ७ | ०.० |
| ब्राम्हण | ४६४ | १.८ | माझी | ४ | ०.० |
| नेवार | ४०४ | १.५ | सार्की | ४ | ०.० |

श्रोत : गाउँपालिका पार्श्वचित्र, २०७५

धर्म अनुसार मिक्लाजुङ गाउँपालिकामा किराती, हिन्दु, वौद्ध, इसाइ, तपस्वी र स्वर्गीक मार्गमा आस्था राख्नेहरुको वासेवास रहेको छ। मुस्लिम वाहेक सवै धर्मालम्वीहरुको वसोवास रहेको र धार्मिक दृष्टिकोण अनुसार समाजमा आपसी सहिष्णुता, सदभाव र समावेशी छ। संख्यात्मक हिसावबाट कूल जनसंख्याको करीव ६४.१ प्रतिशत किरात र हिन्दु १७.८ प्रतिशत र वौद्ध करीव १५.९ प्रतिशत धर्मालम्वी रहेको छ। इसाई धर्मालम्वीहरुको संख्या सवैभन्दा न्यून करीव १.३ प्रतिशत छ। यस सम्वन्धी विस्तृत विवरण ग्राफचित्रमा उल्लेख गरिएको छ।

तालिका/ग्राफचित्र-५ : धर्म अनुसार जनसंख्या




- **घरधुरी :**

वि.सं. २०७५ मा गरिएको घरधुरी सर्वेक्षण अनुसार मिक्लाजुङ गाउँपालिकामा कूल ५२७६ घरधुरीहरु रहेको छ। सवैभन्दा वढी घरधुरी वडा नम्वर ४ र कम वडा नम्वर ६ मा रहेको छ जसमा क्रमशः ९५१ र ४४७ घरधुरीहरु छन् जुन कूल घरधुरी संख्याको १८.० र ८.५ प्रतिशत हुन आउछ। वि.सं. २०६८ को तुलनात्मक रुपमा वि.सं.२०७५ मा करीव ४.९ प्रतिशत अर्थात २७५ संख्यामा घरधुरी वढी देखिन्छ। जनसंख्या र घरधुरीको हिसावबाट हेर्दा औषतमा प्रति घरपरिवार संख्या करीव ५.० जना देखिन्छ।

## २.३ आर्थिक स्थिति :


कृषि नै यस गाउँपालिकाको मुख्य पेशा हो। अधिकांश जनसंख्या कृषि पेशामा आवद्ध छन्। यसका अलवा नोकरी, उद्योग, व्यवसाय, ज्यालादारी, वैदेशिक रोजगारी र गृहणी पेशामा पनि यहाँका स्थानीयहरुको आवद्धता छ।

गाउँपालिकाको पार्श्वचित्र, २०७५ अनुसार करीव ९९८८ जना कृषिमा, नोकरीमा ३७८ जना, उद्योग तथा व्यापारमा ६३८ जना, ज्याला मजदुरीमा ५८२ जनाको आवद्धता देखिन्छ। अन्नवाली, दलहन र तेलहनको उत्पादन हुँदै आएको र त्यसमध्ये थोरै परिणाममा विक्री वितरण भएतापनि मुलतः अन्नवाली नै यस गाउँपालिकाको प्रमुख उत्पादन हो। यस अन्तर्गत धान, मकै, कोदो र गहुँ पर्दछन्।

वैदेशिक रोजगारीमा जानेहरुको संख्या १३९४ छ। गाउँपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस गाउँपालिकावाट २५ भन्दा वढी मुलुकहरुमा वैदेशिक रोजगारीका लागि गएको विवरण उल्लेख छ। यसरी रोजगारीमा जानेहरुमा अधिकांश पुरुषहरु रहेको र महिलाको संख्या २५ जना मात्रै छ। अधिकांश युवाहरु कोरिया, मलेसिया, साउदी, कतार, दुवई र कुवेत गएका छन्। उपरोक्त मुलुकहरुमा मात्रै १२६१ जना अर्थात कूल संख्याको करीव ९०.४ प्रतिशत युवाहरु गएको तथ्याङ्क छ। सो वाहेक एशियाका अन्य मुलुकहरु, युरोपियन, अष्ट्रेलिया, अमेरीका लगायतका देशहरु पनि युवाहरु रोजगारीका लागि पुगेका छन्। वैदेशिक रोजगारीवाट प्राप्त विप्रेषण रकमको तथ्याङ्क यकिन छैन।

गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार मासिक रुपमा वचत गर्ने परिवार संख्या ज्यादै न्यून छ। यस अन्तर्गत मासिक वचत नै गर्न नसक्ने परिवारको संख्या अन्यको भन्दा अधिक छ, जसको प्रतिशतमा करीव ३७.५ छ भने रु.१ हजार सम्म मासिक वचत गर्नेहरु करीव ३६.४ प्रतिशत छ। त्यसैगरी मासिक रु.२ हजार सम्म वचत गर्नेहरु १२.९ प्रतिशत, रु.३ हजार सम्म वचत गर्नेको संख्या ७.३ प्रतिशत छ भने रु.५ हजार सम्म वचत गर्नेको संख्या करीव ३.७ प्रतिशत छ। यसरी रु.१० हजार सम्म १.४ र सो भन्दा माथि मासिक वचत गर्नेहरुको संख्या ०.७ प्रतिशत मात्रै छ। यसरी गाउँपालिका क्षेत्रभित्र विभिन्न श्रोतहरुवाट आय आर्जन गरी मासिक रुपमा वचत गर्नेहरुको संख्या ज्यादै न्यून छ। गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार ३००१ घरपरिवारलाई ३ महिना वा सो भन्दा कम समयसम्म खानपुग्छ भने १६०७ घरपरिवारलाई ६ महिना सम्म र १२ महिना सम्म खानपुग्ने परिवार संख्या ८१६ मात्रै छ। यस हिसाववाट करीव ५७.४ प्रतिशत घरपरिवारलाई ३ महिना र ३०.७ प्रतिशतका लागि ६ महिना भन्दा अघिक समयका लागि जिविकोपार्जनको समस्या देखिन्छ। यसवाट गाउँपालिकामा गरिवीको संख्या अधिक छ। यसैगरी जग्गामा भएको स्वाभित्वका आधारमा पनि हेर्दा करीव ३२.८ प्रतिशत घरपरिवारसंग ५ रोपनी भन्दा कम जग्गामा आफ्नो स्वाभित्व छ। २ रोपनी भन्दा कम जग्गामा स्वामित्व हुनेहरुको संख्या १३.६ प्रतिशत छ भने १० र २० रोपनी सम्म जग्गामा स्वामित्व हुनेहरु संख्या क्रमशः २१.८ र २२.३ प्रतिशत छ र सो भन्दा वढी जग्गामा स्वामित्व हुनेहरुको संख्या १६.२ प्रतिशत छ। यसरी करीव ६०.३ प्रतिशत घरपरिवारसंग १० रोपनी भन्दा वढी जग्गामा स्वामित्व छ। यस सम्वन्धी विस्तृत विवरण ग्राफचित्रमा उल्लेख गरिएको छ।

तालिका/ग्राफचित्र ... वर्षभरी खानपुग्ने घरधुरी




### ➧ कृषि तथा पशुपालन :

मिक्लाजुङ गाउँपालिकाका अधिकांश जनसंख्या कृषि पेशामा आवद्ध छन्। कृषिका लागि खेतीयोग्य जमिन ६६.७५ वर्ग किमि अर्थात कूल क्षेत्रफलको करीव ४०.०६ प्रतिशत उपलव्ध छ। सोको करीव २८.५६ प्रतिशत (१९.०७ वर्ग किमि) भूमिमा सिंचाइ सुविधा छ। उपलव्ध भूमिमा खाद्यान्न (धान, मकै, कोदो र गहुँ), तेलहन, तरकारी, फलफुल र मसलाजन्य उत्पादनहरु हुँदै आएका छन्। गाउँपालिका क्षेत्रभित्र धानको तुलनामा मकैको उत्पादन वढी हुने गरेको छ। यसपछि कोदोको तुलनामा गहुँको वार्षिक उत्पादन झनै न्यून छ। वार्षिक रुपमा धान ९५५.६ मे.टन, मकै १०२४ मे.टन, कोदो १७५.८ मे.टन र गहुँ २५.९ मे.टन उत्पादन हुन्छ। मसलाको वार्षिक उत्पादन ४१२.२ मे.टन छ। यस अन्तर्गत खासगरी अदुवा र लसुन पर्दछ भने तरकारी र फलफुलको वार्षिक उत्पादन क्रमशः ५८२.२ र १२५ मे.टन छ। यस सम्वन्धी विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। धान, मकै, कोदो र गहुँ क्रमशः ४६०.१, ६८५.१, २१४.८ र २९.० हेक्टर भूमिका खेती भएको छ। यसैगरी फलफुल खेती करीव ३२६ हेक्टर भूमिमा खेती हुँदै भएको छ। यसमा किवी, सुन्तला, एभोकार्डो, आँप, लिची, अम्वा यस क्षेत्रको प्रमुख उत्पादन हुन। वडा नम्वर १ र २ किवी खेतीको पकेट क्षेत्र, वडा नम्वर ५ र ७ सुन्तलाको पकेट क्षेत्रको रुपमा विकसित भएको छ। एभोकार्डो करीव १२०० देखि १८०० रोपनीमा व्यवसायिक खेती भएको छ।

**तालिका/ग्राफचित्र - ७ : कृषि उपजको उत्पादन**

| बाली | उत्पादन मे.टन | बाली | उत्पादन मे.टन |
|---|---|---|---|
| धान | ९५५.६ | तेलहन | ५०.७ |
| मकै | १०२४.७ | दलहन | २२.७ |
| कोदो | १७५.८ | तरकारी | ५८२.२ |
| गहुँ | २५.९ | मसला | ४१२.२ |
| जम्मा खाद्यान्न | २१८२ | फलफुल | १२५ |

श्रोत : गाउँपालिका पार्श्वचित्र, २०७५

पशुपंक्षीपालन तर्फ स्थानीयहरुवाट गाई, भैसी, वाखा वङ्गुर र कुखुरापालन हुँदै आएको छ। परम्परागत रुपमा पालिएका यस्ता पशुपंक्षीहरुको संख्या भने अधिक छन् र अधिकांश घरपरिवारमा पशुपंक्षीहरु पाइन्छ। गाउँपालिका क्षेत्रभित्र गाईगोरुको संख्या १६२०२ वटा छ भने राँगाभैसीको संख्या १२९६ वटा। त्यसैगरी वाखाको संख्या १२४८८ वटा र सुंगुर वङ्गुरको संख्या ३६४६ वटा छ भने कुखुराको संख्या १७४३३ वटा। पालिएका पशुपंक्षीहरुवाट दुध एवं दुधजन्य उत्पादन तथा कुखुरा, वाखा एवं वङ्गुरहरु नजिकको वजार तथा हाटवजारमा विकी वितरण हुने गरेको छ।

➧ **उद्योग व्यवसाय एवं वित्तीय क्षेत्र :**

मिक्लाजुङ गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार गाउँपालिका भित्र विभिन्न क्षेत्रमा उद्योग व्यापार व्यवसाय सञ्चालनमा छन्। संख्यात्मक रुपमा उद्योग व्यवसायको भन्दा व्यापार व्यवसायको संख्या अधिक छ। सेवा उद्योगतर्फ ४९ वटा उद्योग व्यवसायहरु छन्। यस अन्तर्गत अटोवर्कसर्प, सुनचाँदी, सैलुन र होटेल व्यवसाय पर्दछन्। व्यापार व्यवसाय तर्फ अधिकांश किराना पसलहरु छन्। किराना पसलहरुमा भाडा, औषधी, चुत्ता, पुस्तक, विजुली, कपडा र मासु पसलहरु पर्दछन्। यसको संख्या १८० छ। त्यसैगरी घरेलु उद्योगतर्फ दुध डेरी उद्योग १८ वटा, कुटानी पिसानी उद्योग १, मौरीपालन २, फर्निचर उद्योग २, कृषि तथा पशु फार्म २, वङ्गुरपालन ३, एग्रोभेट २ गरी जम्मा ३० वटा घरेलु तथा साना उद्योगहरु सञ्चालनमा छन्। अधिकांश घरेलु तथा साना उद्योगहरु वडा नम्वर २ मा छन्। पालिका क्षेत्रभित्रको मुख्य वजारक्षेत्र रविवजारमा ३ वटा उद्योगहरु (फर्निचर २ वटा र दुध डेरी १ वटा) छन् भने व्यापारीक व्यवसायहरु अधिकांश रविवजारमा केन्द्रीत छन्। रविवजारमा मात्रै १५५ वटा विभिन्न प्रकारका पसलहरु छन्। त्यसमा होटेलको संख्या २६, किराना पसल ५६, विजुली पसल ११ र कपडा पसल २५ वटा छन्।

**वैंक तथा वित्तीय संस्था** तर्फ पालिका क्षेत्रभित्र कूल २७ वटा वित्तीय संस्थाहरु कियाशील छन्। कृषि विकास वैंक, गोर्खा, निर्धन, साहारा र फरवर्ड विकास वैंक तथा वित्तीय संस्थाहरुमा २२ वटा सहकारी संस्थाहरु सञ्चालनमा छन्। यसरी सञ्चालित सहकारी संस्थाहरु सवै वडाहरुमा र अधिकांश वचत तथा ऋणमा कियाशील छन्।

**हाटवजार** : पशुपंक्षी, कृषि तथा खाद्यजन्य वस्तुहरु, स्थानीय उत्पादन, जडीवुटी लगायतका वस्तुहरुको विकी वितरणपालिका क्षेत्रभित्रका विभिन्न १३ स्थानहरुमा हाटवजार, मेला लाग्ने गर्दछ। यसवाट स्थानीय उत्पादनहरुको वजार विकास एवं प्रवर्द्धनमा ठूलो सहयोग पुगेको छ। खासगरी आलु, ताजा तरकारी, फलफुलहरु नै हाटवजारमा विकी वितरणका लागि राखिने उत्पादनहरु हुन। हरेक हप्ताको सोमवार, वुधवार, शुक्रवार र शनिवार हाटवजार लाग्ने गर्छ र हाटवजारका मुख्य खरिदकर्ताहरु नजिकका स्थानीयहरु हुन। हाटवजार हरेक वडामा पनि लाग्ने गर्छ। वडा नं.१ को फुङसेनमा चण्डीपूर्णिमाको दिन, वडा नं. २ को सप्तमी वजारमा हरेक शुक्रवार, वडा नं. ३ को तृतिया, दशमीमा क्रमशः सोमवार र वुधवार, वडा नं. ४ को रविवजारमा शनिवार, वडा नं.५ को कन्याटार र मकरेमा शुक्रवार र हरेक माघ महिनाको १ गते, वडा नं. ७ को वुधवारेमा वुधवारका दिन र वडा नं.८ को सोमवार र वुधवारका दिन हाटवजार लाग्ने गर्छ।

➧ **ग्रामीण पर्यटन** :

लिम्वु, राई, तामाङ, मगर, सुनुवार जस्ता आदिवासी जनजातिहरुको वाहुल्य रहेको यस गाउँपालिका साँस्कृतिक, धार्मिक र प्राकृतिक पर्यटनका सम्पन्न छ। बली प्रथाका उन्मुलक, नारी समानताका पक्षधर एवं किरात धर्मका पुर्नउत्थानक शान्ति प्रेमी अङ्सी फलामसिं (फाल्गुनन्द) को जन्म स्थल भएकाले किराती धर्मालम्वीहरुका लागि यो एक पवित्र क्षेत्र हो। लिम्वुहरु मन्धुमी शास्त्रको उच्चारणमा वारम्वार पुनरावृत्ति हुने र एसियाकै सवैभन्दा पुरानो र उच्चकोटीको तीर्थ स्थलका रुपमा चिनिने तर ओझेलिएको सेहोनाम्लाङ र फुङ्सेन यसै क्षेत्रमा पर्दछ।

## २.४ सामाजिक अवस्था

➧ **शिक्षा एवं साक्षरता** :

| तालिका/ग्राफचित्र ८ : शिक्षा अवस्था | |
|---|---|
| साक्षरता | ८६.६९ |
| निरक्षरता | १३.३१ |
| विद्यालय संख्या (सामुदायिक) | ५६ |
| शिक्षक संख्या | ३११ |
| विद्यार्थी संख्या | ५०९४ |
| शिक्षक र विद्यार्थी अनुपात | १:१६.३ |
| श्रोत : गाउँपालिका पार्श्वचित्र, २०७५ | |

गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार गाउँपालिकामा साक्षर जनसंख्या ८६.६९ प्रतिशत छ । यसमा महिलाको साक्षरता दर ४६.८८ प्रतिशत र पुरुषको ५३.१२ प्रतिशत छ । ५ वर्ष माथिको सामान्य लेख्नपढ्न सक्नेहरुको जनसंख्या २१२६८ र लेख्नपढ्न नसक्नेको जनसंख्या ३१०७ छ। पालिकामा आधारभूत विद्यालय ४४ वटा, माध्यामिक विद्यालय (कक्षा १० सम्म) ६ र उच्च माध्यामिक विद्यालय ५ क्याम्पस १ वटा गरी ५७ वटा छन् भने निजी क्षेत्रवाट सञ्चालित विद्यालयको संख्या १० वटा छन् । सामुदायिक र संस्थागत गरी कूल ६६ वटा विद्यालयहरु छन् । निजी विद्यालयमा अध्ययनरत विद्यार्थी एवं शिक्षक संख्या यकिन हुन सकेको छैन । सामुदायिक तर्फ ३११ जना शिक्षकहरुवाट अध्ययपन हुँदै आएको छ। वालविकास केन्द्रतर्फ ४७ जना, प्राथमिक विद्यालय, निम्न माध्यामिक विद्यालय माध्यामिक विद्यालय तर्फ क्रमशः १७५, ५० र ३२ जना शिक्षकहरु छन् । यसमध्ये कति संख्यामा शिक्षिकाहरु विद्यालयमा शिक्षण गर्दछन् भन्ने तथ्याङ्क यकिन छैन । त्यसैगरी ५०९४ जना विद्यार्थीहरु सामुदायिक विद्यालयमा अध्ययनरत छन् । शिक्षक र विद्यार्थीको अनुपात १:१६.३ अर्थात औषतमा एक शिक्षकले १७ जना विद्यार्थीलाई अध्यापन गर्नुपर्ने हुन्छ ।

### ➧ स्वास्थ्य :

मिक्लाजुङगाउँपालिका पार्श्वचित्र, २०७५ अनुसारस्वास्थ्य सेवाहरुमा वडा नम्वर २ मा सामुदायिक स्वास्थ्य इकाइ र वाँकी वडाहरुमा स्वास्थ्य चौकी स्तरको स्वास्थ्य सेवा उपलव्घ छ । वर्थिङ सेवा गाउँपालिकाको सवै वडाहरुमा उपलव्ध छैन । तापनि स्वास्थ्य चौकीहरु क्लिनिक, परिवार नियोजन, खोप सेवा, सुरक्षित मातृत्व, पोषण र स्वास्थ्य सम्वन्धी शिक्षा तथा परामर्श सेवाहरुमा मात्र उपलव्ध छन् । स्वास्थ्य चौकीहरुमा ल्याव सेवा, एक्सरे सेवा, एससिटि सेवा, रक्तसञ्चार सेवा लगायतका अन्य आधारभूत स्वास्थ्य सेवाहरु उपलव्ध छैन । स्वास्थ्य चौकीमा आई सुत्केरी जाँच गराउने र दक्ष स्वास्थ्यकर्मीवाट सुत्केरी गराउने अभ्यास पालिकामा केही प्रगति पाइन्छ । पालिकापार्श्वचित्र, २०७५ अनुसार गर्भावस्थामा ४ पटक सम्म जाँच गराउनेको संख्या २२३ थियो । ५ वर्ष मुनीका सवै वालवालिकाहरु (करीव ९८ प्रतिशत) लाई सवैप्रकारको खोप दिइएको छ । पुड्कोपना र उचाइ अनुसार तौल कम भएका वालवालिकाको संख्या करीव ५६० जना र २५०० ग्राम भन्दा कम तौल भएका शिशुको संख्या २ रहेको छ ।

| तालिका/ग्राफचित्र - ९ : स्वास्थ्य अवस्था | |
|---|---|
| शिशु मृत्यु (प्रति हजारमा) | ३१ जना$^{++}$ |
| बाल मृत्यु (प्रति हजारमा) | ३६ जना$^{++}$ |
| मातृ मृत्यु (प्रति लाखमा) | २३९$^{+++}$ |
| औषत प्रजनन | २.३$^{+}$ |
| औषत आयु (वर्ष) | ७०.७$^{++}$ |

श्रोत :
+ आर्थिक सर्वेक्षण, २०७५/७६
++ प्रथम आवधिक योजना प्रदेश नं.१
+++ पन्ध्रौ योजना आधार पत्र

प्रदेश नम्वर १ को प्रथम आवधिक योजना अनुसार प्रदेश स्तरमा शिशु मृत्युदर प्रति हजारमा जीवितमा ३१ र वाल मृत्युदर प्रति हजार जीवितमा ३६ जना र औषत आयु ७०.७ वर्ष छ । राष्ट्रिय स्तरमा औषत प्रजनन दर २.३ मातृमृत्यु दर प्रति लाखमा २३९ जना छ । यस सम्वन्धी विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

### ➧ खानेपानी तथा सरसफाई :

गाउँपालिकाको पार्श्वचित्र, २०७५ अनुसार खानेपानी सेवा सुविधा अधिकांश घरमा पुगेकोछ । तथ्याङकगत रुपमा करीव ९७ प्रतिशत अर्थात ५३८३ घरधुरीमा खानेपानीको पाइपलाइन उपलव्ध छ । वाँकी घरले २०४ मा कुवा तथा ढुङ्गेधारको पानी उपभोग हुँदै आएको छ।

गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार अधिकांश घरहरुमा शौचालयको सुविधा उपलव्ध छ । पालिका क्षेत्रभित्र करीव ९७ प्रतिशत घरधुरीहरुमा शौचालय छ । करीव २.६७ प्रतिशत घरमा सामान्य प्रकारको शौचालय भएको र ०.३३ प्रतिशत घरहरुमा शौचालय छैनन्। पालिका भित्र विभिन्न ५ स्थान सप्तमी, रविवजार, चिसापानी, कन्याटार र वुधवारेमा सार्वजनिक शौचालय छ ।

### ➧ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) :

गाउँसभा महिला जनप्रतिनिधिहरुको उपस्थिति करीव ४०.४७ प्रतिशत र गाउँ कार्यपालिकामा ३१.२५ प्रतिशत छ । दलित महिलाहरुमा नेपाली, गजमेर, दमाई, विश्वकर्मा, दर्जी र लाम्गादे छन् भने महिला सदस्यहरुमा राई, आङदाम्वे, मागर, लावती, गोले र वास्कोटा छन् । गाउँ सभामा जातियताको हिसाववाट हेर्दा जनजाति तथा दलितहरुको वाहुल्यता उच्चतम छ । व्राह्मण, क्षेत्रीको प्रतिनिधित्व करीव ११.९० प्रतिशत र वाँकी जनजाति र दलितको प्रतिनिधित्व छ ।

गाउँपालिकाका कर्मचारी संरचनामा महिलाको उपस्थिति देखिदैन। कार्यपालिका अन्तर्गत वनेका विभिन्न मूल समिति सहितका विषय क्षेत्रगत समितिहरुमा पनि महिलाहरुको प्रतिनिधित्व प्रभावकारी हुन सकिरहेको छैन । महिला सशक्तीकरणका लागि सीप विकासका तालिमहरु सञ्चालन हुँदै आएका छन् भने आमा समूह सञ्जाल र महिला सहकारी गठन गरी आर्थिक सामाजिक रुपमा सशक्त वनाउने प्रयासहरु भएका छन् । त्यसैगरी पालिका स्तरीय ऐन, कानुनहरुमा समन्यायिक, समावेशी र महिला सहभागितालाई प्राथमिकताका साथ सम्वोधन भएको छ ।

बालविवाह, वहुविवाह, महिला हिंसा पीडितहरुको सुरक्षा जस्ता पक्षहरुमा नियन्त्रण आउन सकिरहेको छैन ।गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार १०-१४ वर्ष उमेरका ५९ जना र १४-१९ वर्ष उमेरका १६३८ जना गरी कूल जनसंख्यामा करीव ६.८९ प्रतिशत वालवालिकाहरुको विवाह कम उमेर भएको पाइन्छ। गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार अपाङगताको संख्या ३०५ छ । यस अन्तर्गत शारीरिक अपाङ्गता भएका १४०, दृष्टिविहिन ३१, वोल्न नसक्ने ३८, सुस्त श्रवण २९, श्रवण एवं दृष्टिविहिन ७, मानसिक अपाङ्गता २९ र अन्य ५ जना छन् । पार्श्वचित्रमा उल्लेखित विवरण अनुसार ज्येष्ठ नागरिक, एकल महिला, विधवा र दलित वालवालिका गरी जम्मा १२८९ जनाहरु सामाजिक सुरक्षावाट लाभान्वित भएका छन् ।

## २.५ भौतिक पूर्वाधार

- **सडक यातायात सञ्जाल :**

मिक्लाजुङ गाउँपालिकाका सवै वडाहरुमा सडक सञ्जालले जोडिएको छ। गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार गाउँपालिका भित्रका विभिन्न क्षेत्रहरुमा कूल ३५९ किमि लामो सडकहरु निर्माण भएका छन्। जिल्ला सदरमुकामवाट करीव ५५ किमि दक्षिण पर्ने यस गाउँपालिका फिदिम वजारसंगको सडक सञ्जालमा जोडिएको छ। सार्वजनिक यातायातका साधनहरु खासगरी वस, जीप, ट्रक, ट्याक्टरसाधनहरु सञ्चालन हुँदै आएको छ।

गाउँपालिका केन्द्र रविवजारवाटपालिका क्षेत्र वाहिर विभिन्न स्थानहरु राँके, फिदिम, विर्तामोड, इलाम, दमक, इटहरी, धरान, धनकुटा, लेटाङ पुग्न सकिन्छ। पालिका क्षेत्रभित्रका अधिकांश वस्तीहरु सडक सञ्जालमा जोडिएको छ। वडा नम्वर १ मा विभिन्न खण्डहरु गरी कूल ३६ किलोमिटर लम्वाइको सडकहरु निर्माण भएका छन् । यस अन्तर्गत उत्तरे, वतासे, मभ्कुवा, आठभया, सराङ, हाङवुङ, याक्से, खान्द्रोङ, माङजावुङ, इम्बिङ, सिङहाङ, सुलुम्फी, अराङ वस्तीहरु पर्दछन् । त्यसैगरी वडा नम्वर २ मा ६५ किमि लम्वाइ सडक निर्माण भएको छ । निर्मित सडकले सप्तमी, धुवावेसी, धुपिङ, जोरपोखरी, माङ्जावुङ, सल्लेरी, भिल्केटार, रिठावोटे, अयक्माटार, दुर्गादेवी, दोकानडाँडा, लसुने, वुधुक, ओलने, नागदेन, लुम्रेटार, तिनडाँडा, दशमी, लुम्वेटार, लुमाटीलाई जोडेकोछ। वडा नम्वर ३ मा करीव ५९ किमि सडक निर्माण भएकोछ। वडा नम्वर ३ को दशमी, अरवेचौक, नागी वरभन्ज्याङ, मेहेपा, तेलमे, नुवाखोला, गैरीगाउँ, आहाले, केरावारी, पेकुवा, देङमारे, सोलुम्वा, वाजगरा, घुमाउने सम्म सडक पुगेको छ । वडा नम्वर ४ र ५ मा मुख्य सडक मार्ग वाहेक छोटा छोटा लम्वाइका सडकहरु क्रमशः ५९ र ४८ किमि निर्माण भएका छन्। वडा नम्वर ४ को रवि वजारवाट दशमी, लुम्दे, आरुवोटे, कुरुम्वा, लिम्वा, दुर्दिम्वा, राँके, भेडेटार, दमक सम्म पुग्न सकिन्छ र वडा नम्वर ५ वाट राँके, भेडेटार, दमक, कुरुम्वा, लिम्वा, दुर्दिम्वा, पञ्चमी, आरुवोटे, डाँडेगौडा, पाङतुवा, चाँदनी, वालुवानी, सिक्तेम्वा, सल्लेरी, मंगरे, नुवाखोला, जौवारी स्थानहरु सम्म । वडा नम्वर ६ को कन्याटारवाट साक्फारा, मधुमल्ला, दमक, धोविखोला, नरकटे, आरुवोटे, खान्दुङ, टोर्के सम्म र वडा नम्वर ७ को लिम्वावाट कम्फुटार, ६ नं. वुधवारे, आरुवोटे हाङगुम सम्म पुग्न सकिन्छ । वडा नम्वर ८ अन्तर्गत ९२ किमि लामो सडक खण्डहरु निर्माण भएको छ। यसरी निर्माण भएका सडकहरु कच्ची तथा धुले सडकहरु हुन । वर्षाको समयमा अधिकांश सडक खण्डहरु अवरुद्ध हुने गर्दछ ।

तालिका/ग्राफचित्र : १०
यातायात पूर्वाधार सम्बन्धी विवरण

| क.सं. | विवरण | एकाई | लम्वाइ |
|---|---|---|---|
| १ | पिच सडक | कि.मि. | २.५ |
| २ | ग्राभेल सडक | कि.मि. | ० |
| ३ | धुले सडक | कि.मि. | ३५६.५ |
| ४ | सडकले जोडिन बांकी वस्ती | संख्या | ...... |
| ५ | नियमितसञ्चालन हुने सडक सम्म पुग्नलाग्ने समय ( अधिकतम) | घण्टा | ...... |

गाउँपालिकाको वडा नम्वर १ सुलुम्फी, उत्तरे, सरांडाँडावाट दमक, विर्तामोड, राँके र फिदिमका लागि सार्वजनिक ट्याक्सीहरु सञ्चालनमा छन् । वडा नम्वर २ को सप्तमी वजारवाट फिदिम र दमकका लागि, वडा नम्वर ३ को आरुवोटे, वडा नम्वर ४ को रविवजार, वडा नम्वर ५ को चिसापानी पञ्चमी र कुरुम्वा वडा नम्वर ६ को कन्याटर वडा नम्वर ७ को लेखगाउँ, लिम्वा र वडा नम्वर ८ को ६नं. वुधवारेवाट दिनहुँ ट्याक्सी र वस सञ्चालनमा छन् ।उक्त स्थानहरुवाट फिदिम, दमक, इलाम, धनकुटा, धरान, इटहरी लेटाङ सम्म पुग्न सकिन्छ ।

- **विद्युतीकरण :**

गाउँपपालिका पार्श्वचित्र, २०७५ अनुसार अधिकांश घरहरु पेल्टीसेट, सोलार प्रणाली मार्फत विद्युतीकरण भएको छ । कूल घरधुरीको ४८९४(९२.७ प्रतिशत)घरहरुमा सोलार प्रणाली जडान, पेल्टीसेटवाट विद्युत सेवा उपलव्ध छ । वाँकी घरधुरीहरुमा विद्युत सेवाका लागि वायोग्याँस, मट्टितेल वा टुकी प्रयोग हुँदै आएको । यसको अलवा खाना पकाउने इन्धनको रुपमा दाउरा, एल.पि. ग्याँस प्रयोग गर्ने र यसको संख्या क्रमशः १३.४ प्रतिशत र वायोग्याँस प्रयोग गर्नेहरु केवल ०.०४ प्रतिशत छ ।

गाउँपालिका क्षेत्रभित्र सावाखोला, धावाखोला, नुवाखोला, मेवाखोला, चुनेवा, सेङघेवावाट लघु जलविद्युत तथा पोल्ट्रीसेटवाट विद्युत उत्पादन हुँदै आएकोछ ।

- **सञ्चार सेवा :**

गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार गाउँपालिकामाअधिकांश करीव ८५.५ प्रतिशत घरपरिवारमा मोवाइल फोन सेवा छ । सञ्चार साधनहरुमा रेडियो, टेलिभिजन, डिसहोम तथा केवलमा पहुँच भएका घरपरिवारहरु क्रमशः २१२६, १६१८र १२२३ घरपरिवार छन् । कम्प्युटर भएका घरहरु ३ वटा र इण्टरनेट सुविधा भएको घर संख्या ५ वटा मात्रै छ । यस हिसाववाट हेर्दा करीव १४.५ प्रतिशतसंग अझैपनि मोवाइल सुविधा उपलव्ध छैन भने रेडियो, टिभि जस्ता सञ्चार सेवामा पहुँच नभएको घरपरिवार संख्या करीव ५९.७ प्रतिशत छ । मोवाइल वाहेक इण्टरनेट सेवावाट लाभान्वित हुने घरपरिवारहरु ज्यादै न्यून छन् ।

गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार टेलिफोन लाइन (११८), एडियसएल सेवा (५२), इण्टरनेट तथा वाइमेक्स सेवा (५), मोवाइल टावर विटियस सेवा (२०), वल्डलिङक लाइन (१०), सुविसु सेवा (२०), थ्रिजि सेवा (११८), वोलिङ (२०) र युनिफाए (१०) सेवा उपलव्ध छ ।

- **सिंचाइ सेवा :**

गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार कूल खेती योग्य भूमि ६६.७५ वर्ग किमिमा करीव १९.०७ वर्ग किमि (२८.५८ प्रतिशत) क्षेत्रमा सिंचाइ उपलव्ध छ । पालिका क्षेत्रभित्र २१ वटा विभिन्न साना ठूला खोलाहरु छन् । यसवाट केकति मात्रामा खेतीयोग्य भूमि सिंचाइ हुन सकेको छ सोवारे यकिन तथ्याङक उपलव्ध हुनसकेको छैन । सुख्खा क्षेत्रहरुमा सिंचाइका लागि हुन सक्ने विभिन्न विधिहरु पनि अवलम्वन गरिएको पाइदैन ।

## २.६ बन वातावरण

मिक्लाजुङ गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार गाउँपालिकाको ८३.१६ वर्ग किमि (कूल भूभागको ४९.९ प्रतिशत) क्षेत्र वनले ढाकेको छ । यस अन्तर्गत सामुदायिक वन २९.९१ वर्ग किमि, कवुलियती वन ३.८१ वर्ग किमि र राष्ट्रिय वन ४९.४६ किमि पर्दछ । उपरोक्त वनले कूल वन क्षेत्रको क्रमशः ३५.९, ४.५ र ५९.४ प्रतिशत भूभाग ओगटेको छ । पालिका क्षेत्रभित्र विभिन्न ८८ वटा साना ठूला खोल्सीहरु खानेपानीको श्रोतहरु छन् भने २१ वटा खोलाहरु छन् । त्यस्ता खोलाहरुमा सावा, लुवा, धुवा, नसुवा, लसुने, मुवा, पेकुवा, थावा, गडेरो, थामथुम, पाङतुवा, सेङगेवा, कुरुङ, मेवा, पायवा, पञ्चमे, लिम्वा, कम्फु, नावो, हंशरी र नम्पवा हुन । त्यसैगरी पालिका क्षेत्रभित्र साना ठूला पानी पोखरीहरु प्रसस्तै छन् । यस्ता पोखरीहरुमा वडा नम्वर १ को कमलपोखरी, वडा नम्वर २ को जोडपोखरी, वडा नम्वर ५ को पटारेपोखरी र थोक्पेत चङमा पोखरी र वडा नम्वर ७ को गुदोला वोजोला ताल प्रमुख हुन । उपरोक्त पोखरीहरुले जैविक विविधता र संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएको छ भने वडा नम्वर ४ को यावाराङ झरना, वडा नम्वर ७ को सेरेखेम्वे झरना र सेङचेलेङको चिया वगानले वातावरण संरक्षणमा उल्लेखनीय भूमिका

खेलेको छ । पालिका क्षेत्रभित्र वारम्वार वाढी, पहिरो जाने, भूक्षय हुने कारणवाट मानवीय क्षति भएका घटनाहरु छैनन् भने जोखिमयुक्त क्षेत्रहरुमा मानव वस्तीहरु पनि छैनन् । तापनि पालिका क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङकन तथा प्रारम्भिक वातावरण परीक्षण जस्ता पक्षहरुलाई ख्याल नगरी सडक मार्ग निर्माण भएकाले भूक्षय हुन सक्ने सम्भावनालाई नकार्न सकिदैन ।

गाउँपालिकाको वन क्षेत्रमा महत्वपूर्ण जडीवुटीहरु पाखानवेद, भुतकेस, बुढो ओखती, पाँचऔले, सतुवा, विखुमा, चिराइतो पाइन्छ । जङ्गली जनावर बँदेल, मृग, घोरल, रेडपाण्डा, कालो बाँदर, ढेँडु, पहरे चितुवा देख्न सकिन्छ । मिक्लाजुङ जङ्गल मोरङको रमिते हुँदै चारकोषे झाडीसंग जोडिएको छ । प्राकृतिकश्रोत तथा सम्पदाहरुको दिगो सदुपयोग र त्यसवाटवाट लाभ आर्जन हुन सकिरहेको छैन र वन्यजन्तुहरुवाट आक्रमण तथा मानवीय क्षति भएका घटनाहरु सुन्नमा आएको छैन ।

फोहोरमैला व्यवस्थापनका लागि पालिका भित्र विविध प्रक्रियाहरु अवलम्वन गरेको पाइन्छ । त्यस्ता विधिहरुमा घर घरमा फोहोर सङ्कलन गर्ने, नदी तथा खोल्सीहरुमा फोहोर फाल्ने, निर्धारित स्थानमा फोहोर थुपार्ने, आफ्नै घरकम्पाउण्ड भित्र फोहोर राख्ने र कम्पोष्टमल उत्पादन गर्ने रहेका छन् । गाउँपालिका पार्श्वचित्र अनुसार करीव ५०६८ घरपरिवारले आफ्नै घरकम्पाण्ड भित्र फोहोर सङ्कलन गर्ने गरेको र केवल १२ घरपरिवारले कम्पोष्टमल उत्पादन गर्ने गरेको पाइन्छ । घरघरको फोहोरमैला सङ्कलनका लागि रविवजारमा गाडीको व्यवस्था गरिएको छ । यस्तो सेवावाट लाभान्वित घरपरिवार संख्या ४१ छ ।

## २.७ सुशासन र संस्थागत बिकास

पालिका क्षेत्रभित्र गैर सरकारी संस्थाहरुमा बालक्लव, सहकारी संस्था, बन उपभोक्ता, कृषक समूह र नागरिक मञ्चहरु क्रियाशील छन् । कृषि विकास कार्यालय, साहारा, गोर्खा निर्धन, फरवार्ड वित्तीय संस्था लगायत ऋण तथा वचत सहकारी संस्थाहरु पनि सञ्चालनमा छन् । रविवजारमा इलाका प्रहरी कार्यालय र प्राथमिक स्वास्थ्य इकाइ छन् भने सवै वडाहरुमा स्वास्थ्य चौकीहरु छन् ।

गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार पालिका केन्द्रमा १२ जना कर्मचारीहरु र वडा कार्यालयहरुमा ३४ जना कर्मचारीहरु कार्यरत छन् ।प्रशासन, लेखा, प्राविधिक, पशुविकास, शिक्षा, सूचना प्रविधि जस्ता शाखाहरुको व्यवस्था गरिएको छ । गाउँ कार्यपालिका सञ्चालनका लागि ऐनहरु र कार्यविधिहरुनिर्माण भएकाछन् । त्यस्ता ऐन, नियम तथा कार्यविधिको संख्या कूल २२ वटा छन् ।

**वजेट विनियोजन :** आर्थिक वर्ष २०७६/७७ का लागि प्रस्तुत गरिएको वजेट वक्तव्य अनुसार पालिकाको कूल वजेट रु.३९ करोड ५२ लाख २८ हजार वजेट विनियोजन गरिएकोमा चालुतर्फ रु.१९ करोड ३८ लाख ४१ हजार (४९.०५ प्रतिशत) र पूँजीगततर्फ रु.२० करोड १३ लाख ८६ हजार (५०.९५ प्रतिशत) वजेट वाँडफाँड भएको थियो । यसैगरी आर्थिक वर्ष २०७७/७८ का लागि रु.४६ करोड २२ लाख ६७ हजार वजेट विनियोजन भएको छ । सोमा चालुतर्फ रु.२३ करोड ७० लाख १५ हजार (५१.२७ प्रतिशत) र पूँजीगततर्फ रु.२२ करोड ५२ लाख ५२ हजार (४८.७३ प्रतिशत) विनियोजन भएको छ । यस अन्तर्गत संघवाट वित्तीय समानीकरण रु.१० करोड ३१ लाख र प्रदेश समानीकरण रु.७० लाख ८ हजार, संघवाट राजस्व वाँडफाँड रु.७ करोड ७५ लाख ४६ हजार र प्रदेशवाट रु. ५१ लाख ६७ हजार, संघवाट सशर्त अनुदान रु.२३ करोड २ लाख, विशेष अनुदान रु.१ करोड २५ लाख र समपूरक रु.१ लाख ३६ हजार प्राप्त हुने अनुमान भएको छ ।

**आन्तरिक आय :**आर्थिक वर्ष २०७६/७७ का लागि प्रस्तुत वजेट वक्तव्य अनुसार आन्तरिक आय रु. ३१ लाख प्राप्त हुने अनुमान गरिएको थियो भने आर्थिक वर्ष २०७७/७८ का लागि रु.३१ लाख ४६ हजार आन्तरिक आय परिचालन हनु अनुमान गरिएको छ ।